STUDY IN ABROAD
AUSTRALIA I NEW ZEALAND
UK I USA I CANADA
IELTS I OET I PTE
Preparation Center
BEACON™
EDUCATION & VISA SERVICES

राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily

रु. १ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २२ ❑ अङ्क ३४३ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७८ पुस १९ गते सोमबार ❑ 3 Jan. 2022 ❑ पृष्ठ ४ ❑ मूल्य रु. २।-

## माओवादीको पदाधिकारी केन्द्रीय समितिले छान्ने

**रासस**
**काठमाडौं, १८ पुस**

नेकपा(माओवादी केन्द्र) ले सोमबार मात्रै पदाधिकारी चयन गर्ने भएको छ । माओवादीको आइतबारसम्म जारी आठौँ महाधिवेशनमा अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' ले २३६ सदस्यीय केन्द्रीय समिति प्रस्ताव गर्नुभएको थियो ।

उहाँको प्रस्तावलाई बन्दसत्रमा ध्वनीमतले पारित गरेको हो । त्यसमा खुल्लातर्फ १३२ जना र सामानुपातिकतर्फ १२५ जनाको नाम प्रस्तुत गरिएको थियो । सबै नामलाई बन्दसत्रले अनुमोदन गरेको हो । महाविधेशनस्थलमासञ्चारकर्मीसँगकुरा गर्दै नवनिर्वाचित केन्द्रीय सदस्य कृष्णबहादुर महराले सोमबार बस्ने नवनिर्वाचित केन्द्रीय समितिले पदाधिकारी चयन गर्ने जानकारी दिनुभयो । महाधिवेशनले समसामयिक प्रस्ताव पारित गरेको छ । माओवादीले केही समयदेखि सम्बन्धित समिति चयन गर्ने र सोही समितिमार्फत पदाधिकारी चयन गर्ने प्रणाली अवलम्बन गर्दै आएको छ। सोही प्रणालीअनुसार सोमबार बस्ने २३६ सदस्यीय केन्द्रीय समितिको बैठकले अध्यक्ष, वरिष्ठ उपाध्यक्ष, उपाध्यक्ष, महासचिव, उपमहासचिव, सचिव र कोषाध्यक्ष चयन गर्ने भएको छ। केन्द्रीय समितिको पहिलो बैठक ज्येष्ठ सदस्यको अध्यक्षतामा बस्ने भएको छ । सहमतिका आधारमा पदाधिकारी चयन हुन नसके मात्रै केन्द्रीय समितिमा मतदान गर्ने कार्यक्रम तय गरिएको उहाँको भनाइ छ। माओवादीको महाधिवेशन अघिल्लो आइतबार कमलादीस्थित प्रज्ञा भवनमा उद्घाटन भएको थियो । महाधिवेशन आठ दिनसम्म जारी रह्यो। आठौं महाविधेशन आठ दिनमै सम्पन्न भएको माओवादीले जनाएको छ। आइतबार उद्घाटन, सोमबार अध्यक्ष प्रचण्डले राजनीतिक प्रस्ताव र नेता देवप्रसाद गुरुङले विधान पेश गर्नुभएको थियो । मङ्गलबार र बुधबार समूहगत छलफल भएको थियो । समूहगत छलफलका लागि विभिन्न २५ समूह निर्धारण गरिएको थियो। बुधबार अपरान्ह्देखि बिहीबारसम्म समूहगत छलफलका क्रममा उठेका विषय वस्तुमाथि समूहका नेताले आफ्नो धारणा प्रस्तुत गर्नुभएको थियो। शुक्रबार अध्यक्ष प्रचण्डले समूहगत छलफलमा उठेका जिज्ञासाहरूको जवाफ दिनुभएको थियो। शनिबार नेतृत्व चयनलगायत विषयमा छलफल भएको थियो।

आइतबार अपराह्न ४ बजेदेखि सुरु भएको बन्दसत्रमा सुरुमा निर्वाचन आयोग, अनुशासन आयोग र लेखापरीक्षण आयोगको प्रमुख तथा सदस्य चयन गरिएको थियो । त्यसपछि बन्दसत्रलाई सम्बोधन गर्नुहुँदै अध्यक्ष प्रचण्डले २३६ सदस्यीय केन्द्रीय समिति प्रस्ताव गर्नुभएको थियो । अध्यक्षको प्रस्तावलाई बन्दसत्रले सर्वसहमतिले पारित गरेको नेता महराले जानकारी दिनुभयो।

## गण्डकी प्रदेशमा तीन सिटका लागि राष्ट्रियसभा निर्वाचन

**पोखरापत्र संवाददाता**
**पोखरा, १८ पुस**

आगामी माघ १२ गतेका लागि तोकिएको राष्ट्रियसभा सदस्य निर्वाचनअन्तर्गत गण्डकी प्रदेशमा तीन सिटमा चुनाव हुने भएको छ।

राष्ट्रियसभाको चार वर्षको पदावधि पूरा गरी आगामी फागुनमा बिदाई हुने सदस्यको खाली हुने स्थानमा निर्वाचन आयोगले निर्वाचन गर्न लागेको हो । गण्डकी प्रदेशमा नेपाल कम्युनिष्ट पार्टी(माओवादी केन्द्र)का दुई र नेकपा (एकीकृत समाजवादी)का एक गरी तीन सिट खाली हुने भएपछि सो सिटमा निर्वाचन हुन लागेको प्रदेश निर्वाचन कार्यालय पोखराले जनाएको छ। माओवादीबाट दीनानाथ शर्मा 'अन्य समूह' र खिमकुमार विक 'दलित' समूहबाट राष्ट्रियसभामा निर्वाचित हुनुभएको थियो । यसैगरी एकीकृत समाजवादीका शान्तिकुमारी अधिकारी 'महिला कोटा'मा निर्वाचित हुनुभएकामा उहाँहरुको चार वर्षे पदावधि आगामी फागुनमा पूरा हुन लागेकाले निर्वाचन प्रक्रिया सुरु गरिएको प्रदेश निर्वाचन अधिकृत एवं कार्यालयका प्रमुख हुमनाथ पराजुलीले जानकारी दिनुभयो।

उहाँका अनुसार निर्वाचन तयारीका लागि निर्वाचन अधिकृतको कार्यालय स्थापना, मतदाता नामावली प्रकाशन, नामावली उपर दाबी विरोधलगायतका कार्यक्रम सम्पन्न भएका छन् । यही पुस २० गते उम्मेद्वारको मनोनयन दर्ता हुने प्रमुख पराजुलीले बताउनुभयो। उहाँले भन्नुभयो,"राष्ट्रियसभा सदस्यको निर्वाचन तयारी भइरहेको छ, शनिबार मतदाता नामावली प्रकाशन गर्‍यौं, कसैको पनि दाबी विरोध परेको छैन । पुस २० गते उम्मेदवारको मनोनयन दर्ता गरिनेछ।"

प्रदेश निर्वाचन कार्यालय पोखरामा हुने निर्वाचनका लागि दुई मतदान केन्द्र तोकिएको कार्यालयले जनाएको छ। प्रदेशसभा र स्थानीय तहका मतदाताका लागि छुट्टाछुट्टै मतदान केन्द्र रहने कार्यालयका सूचना अधिकारी रुद्र न्यौपानेले बताउनुभयो । उहाँका अनुसार पदावधि समाप्त भई रिक्त हुन आउने सदस्य पदको निर्वाचन सो पद रिक्त हुनुभन्दा ३५ दिन पहिले निर्वाचन हुने गरी मिति तोक्नुपर्ने व्यवस्था संविधानमा छ । फागुनमा रिक्त हुने पदका लागि माघ १२ गते निर्वाचनको कार्यतालिका छ । गण्डकीमा ५९ जना प्रदेशसभा सदस्य र ८५ स्थानीय तहका प्रमुख र उपप्रमुख १७० गरी कूल २२९ मतदाता छन् । निर्वाचनमा प्रदेशसभा सदस्यको मतभार ४८ हुन्छ भने स्थानीय तहका प्रमुख/उपप्रमुखको मतभार १८ रहनेछ । संविधान बमोजिम राष्ट्रियसभा सदस्यको निर्वाचनका लागि निर्वाचक मण्डलमा प्रदेशसभाका सदस्य, महानगर, उपमहानगर तथा नगरपालिकाका प्रमुख तथा उपप्रमुख र गाउँपालिकाका अध्यक्ष र उपाध्यक्ष रहनेछन् । नेपालको संविधान जारी भएपछि विसं २०७४ माघ २४ गते राष्ट्रियसभाको निर्वाचन भएको थियो। जसमा प्रत्येक प्रदेशबाट एक दलित, एक अपाङ्गता भएका व्यक्ति वा अल्पसङ्ख्यक समुदायबाट गरी १४ जना बहुमतीय निर्वाचन प्रणालीबाट निर्वाचित भएका थिए । यसैगरी प्रत्येक प्रदेशबाट तीन महिला र तीन अन्य समूहबाट गरी ४२ जना एकल सङ्

बाँकी अन्तिम पृष्ठमा ▶▶

## देश विकासमा हेभी इक्युमेन्ट अपरेटरहरुको भूमिका महत्वपूर्ण : मन्त्री थापा

**पोखरापत्र संवाददाता**
**पोखरा, १८ पुस**

गण्डकी प्रदेश सरकारका कानून, संचार तथा प्रदेश सभा मामिला मन्त्री विन्दु कुमार थापाले देश विकासमा हेभी इक्युमेन्ट अपरेटरहरुको भूमिका महत्वपूर्ण रहेको बताउनुभएको छ।

हेभी इक्युमेन्ट अपरेटर संघ पोखराको पाँचौं साधारण सभा तथा अधिवेशनलाई उद्घाटन गर्दै उहाँले यस्तो बताउनुभएको हो ।

विकास निर्माणमा अपरेटर हरुको भूमिका उल्लेखनिय रहेको बताउँदै उहाँले अपरेटरहरु अब जागिरमा मात्र सिमित नरही स्वरोजगारमा समेत केन्द्रीत हुनुपर्ने धारणा राख्नुभयो । 'राष्ट्र निर्माणमा अपरेटरहरुको भूमिका महत्वपूर्ण छ । अपरेटरहरु विना भौतिक विकास सम्भव छैन । तपाईहरुलाई परेका समस्यालाई सम्बोधन गर्ने नीति बनाउनेछौं ।



अब तपाईहरु जागिरे मात्रै नभई स्वरोजगार तर्फ पनि केन्द्रीत हुनुपर्छ ।', उहाँले भन्नुभयो ।

मन्त्री थापाले निर्माण व्यवसायी र अपरेटरहरु बीच नङ र मासुको जस्तै सम्बन्ध हुनुपर्ने बताउनुभयो । निर्माण व्यवसायीहरुको लगानीलाई सुरक्षीत राख्ने जिम्मेबारी अपरेटहरुको काँधमा भएकाले अपरेटहरुले पनि लगानी कर्ताको मनोभावनालाई बुझ्नुपर्ने आवश्यकता रहेको उहाँले औंल्याउनुभयो । छोटो समयमा हेभी इक्युपमेन्ट अपरेटर संघ पोखराले प्रशंसनिय काम गरेको उल्लेख गर्दै मन्त्री थापाले अपरेटहरुको समस्यामा प्रदेश सरकार साथमा रहेको बताउनुभयो।

गण्डकी प्रदेश सरकारले पनि विकास निर्माणका कार्यमा तिव्रता दिँदै गएको र त्यसलाई सफल पार्ने जिम्मेबारी हेभी इक्युमेन्ट अपरेटर हरुको भएको भनाई उहाँको छ। 'पहिलो चौमासिक पश्चात प्रदेश सरकार विकासका गतिविधिमा अगाडि बढेको छ । समयमै सम्पन्न गर्न मेसिन र अपरेटहरुको खाँचो उत्तिकै बढ्छ । देशलाई समृद्धि बनाउने जिम्मेबारीमा अपरेटहरु पनि हुनुहुन्छ । त्यसैले सबै मिलेर काम गरौं ।', उहाँले भन्नुभयो । हेभी इक्युमेन्ट अपरेटरहरुलाई लाइसेन्स सहजै उपलब्ध गराउने प्रक्रियामा गण्डकी सरकार सकरात्मक रहेको उहाँले बताउनुभयो । ट्रायलमा देखिएका समस्यालाई समाधान गर्दै व्यवस्थित गरिने भनाई उहाँको छ। हेभी इक्युमेन्ट अपरेटर मैत्री नीति निर्माणमा समेत प्रदेश सरकारले ध्यान पुर्याउने मन्त्री थापाले बताउनुभयो।

आफु पनि व्यवसायिक क्षेत्रबाट राजनीतिमा आएकाले श्रमिक र मजदुर सबैका समस्यालाई नजिकबाट बुझेको उल्लेख गर्दै नीति निर्माणमा सहजता अप्नाउने अभिव्यक्ति मन्त्री थापाको छ।

## सन् २०२१ मा डेढ लाख बाह्य पर्यटक नेपाल भित्रिए

**रासस**
**काठमाडौं, १८ पुस**

कोभिड-१९ महामारीको असहज परिस्थितिको अवस्थामा पनि मुलुकमा बाह्य पर्यटक आगमनमा झिनो सुधार भएको पाइएको छ। सन् २०२१ मा डेढ लाख बाह्य पर्यटकले नेपाल भ्रमण गरेका छन् ।

नेपाल पर्यटन बोर्डले उपलब्ध गराएको तथ्याङ्कअनुसार हवाइ तथा भूमार्ग हुँदै एक लाख ५० हजार ९६२ जना पर्यटक नेपाल भित्रिएका छन् । सन् २०२० को तुलनामा गत वर्ष नेपाल भित्रिने पर्यटकको सङ्ख्यामा २५ प्रतिशतले कमी आएको छ । बोर्डका निर्देशक मणि लामिछानेले कोभिड महामारीकाबीच पर्यटक आगमनमा झिनो सुधार आएको बताउनुभयो । उहाँले अघिल्लो

बाँकी अन्तिम पृष्ठमा ▶▶

## २१६ संक्रमित थपिए

**रासस**
**काठमाडौं, १८ पुस**

देशभर पछिल्लो २४ घण्टामा थप २१६ जनामा कोरोना भाइरस सङ्क्रमण पुष्टि भएको छ। पछिल्लो २४ घण्टामा सात हजार ६३१ जनाको नमूना परीक्षण गरिएको थियो।

गत २४ घण्टामा २०९ जना कोरोना भाइरस सङ्क्रमणमुक्त भएका छन् । यससँगै भाइरस सङ्क्रमणमुक्त हुनेको सङ्ख्या आठ लाख १२ हजार ४१९ पुगेको छ । सङ्क्रमणमुक्त हुने दर ९८ प्रतिशत रहेको मन्त्रालयले जनाएको छ । यससँगै नेपालमा पीसीआर विधिबाट कोरोना परीक्षण गरिँदा सङ्क्रमितको सङ्ख्या आठ लाख ८७ हजार २०६ पुगेको स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले जनाएको छ । पीसीआर विधिबाट परीक्षण गर्नेको सङ्ख्या ४८ लाख ७० हजार ३२४ र एन्टिजेन विधिबाट परीक्षण गर्नेको सङ्ख्या आठ लाख ३१ हजार ६१९ पुगेको छ। कूलमा सङ्क्रमण दर १७ प्रतिशत छ। कोभिड विरुद्धको खोप लगाउनेको सङ्ख्या पछिल्लो २४ घण्टामा एक लाख ३३ हजार ८१२ पुगेको छ। हाल सक्रिय सङ्क्रमितको सङ्ख्या चार हजार ९७१ छ।

पछिल्लो २४ घण्टामा कोरोनाबाट दुई जनाको मृत्यु भएको छ। यससँगै कोरोनाबाट मृत्यु हुनेको सङ्ख्या ११ हजार ५९६ पुगेको छ। कोरोनाबाट हुने मृत्युदर एक दशमलव चार प्रतिशत रहेको छ। प्रतिशत १० लाख जनसङ्ख्यामा मृत्युदर ३८१ दशमलव सात रहेको छ । हाल भेन्टिलेटरमा रहनेको सङ्ख्या जम्मा १९ र आइसियूमा ८३ जना रहेका छन्। होम आइसोलेशनमा चार हजार ७४७, संस्थागत आइसोलेशनमा २२४ रहेको छ । हाल देशभरमा ५०० भन्दा बढी सक्रिय सङ्क्रमित भएका जिल्लामा काठमाडौं र ललितपुर रहेका छन् भने २०० भन्दा बढी उपचारार्थ सङ्क्रमित रहेका जिल्लामा सुनसरी, भक्तपुर, कास्की, बाँके र कैलाली छन्।

## सभापति देउवाद्वारा शाही, पौडेल र गुरुङ केन्द्रीय सदस्य मनोनीत

**रासस**
**काठमाडौं, १८ पुस**

प्रधानमन्त्री एवं नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाले आइतबार पार्टीका नेताहरू जीवनबहादुर शाही, प्रदीप पौडेल र कल्याणकुमार गुरुङलाई पार्टीको केन्द्रीय सदस्यमा मनोनयन गर्नुभएको छ।

पार्टीको गत मङ्सिर २४ देखि २८ गतेसम्म सम्पन्न १४औं महाधिवेशनबाट सभापतिमा पुनःनिर्वाचित हुनुभएका देउवाले पार्टीको विधान, २०१७ (संशोधन सहित) को दफा २१(१०) बमोजिम उहाँहरुलाई केन्द्रीय सदस्यमा मनोनयन गर्नुभएको पार्टी कार्यालयका मुख्यसचिव कृष्णप्रसाद पौडेलले जानकारी दिनुभयो । मनोनीत हुनुभएकामध्ये गुरुङ सभापतिमा, पौडेल महामन्त्रीमा र शाही सहमहामन्त्रीमा पराजित हुनुभएको थियो।

सभापति देउवाले यसअघि शनिबार वरिष्ठ नेता रामचन्द्र पौडेल, नेताहरु प्रकाशमान सिंह, बिमलेन्द्र निधि, विजयकुमार गच्छदार, कृष्णप्रसाद सिटौला, डा प्रकाशशरण महत, डा नारायण खड्का, उमा रेग्मी, सुजाता कोइराला र मीनबहादुर विश्वकर्मालाई केन्द्रीय कार्यसमितिको सदस्य पदमा मनोनयन गर्नुभएको थियो । विधानअनुसार १४औं महाधिवेशनअन्तर्गत भएको निर्वाचनमा केन्द्रीय कार्यसमितिका १३४ पदाधिकारी र सदस्य निर्वाचित हुनुभएको थियो । यसबाहेक केन्द्रीय सभापतिले ३३ जना मनोनित गर्ने विधानमा व्यवस्था छ।

सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. -५२०६५१

# ‘एक घर एक धारा’ गण्डकी प्रदेशको नीति : मुख्यमन्त्री पोखरेल

पोखरापत्र संवाददाता
पोखरा, १८ पुस

गण्डकी प्रदेशका मुख्यमन्त्री कृष्णचन्द्र नेपाली पोखरेलले ‘एक घर एक धारा’ अवधारणा अनुरुप जनतालाई सफा पानी वितरण गर्ने प्रदेश सरकारले नीति लिएको जानकारी दिनुभएको छ।

नवलपरासी (बर्दघाट-सुस्तापूर्व)को गैँडाकोटमा रहेको जलुके खानेपानी तथा सरसफाइ उपभोक्ता संस्थाको २०औँ वार्षिक साधारणसभाको शनिबार शुभारम्भ गर्दै उहाँले प्रदेशभित्र एक हजार ५०० खानेपानीका आयोजना सञ्चालनमा रहेको र ती मध्ये ४२२ आयोजना सम्पन्न भइसकेको बताउनुभयो।

गण्डकी प्रदेशमा अहिले रु तीन अर्ब ६८ करोड लागतका खानेपानी आयोजना सञ्चालन भइरहेका छ। सो अवसरमा मुख्यमन्त्री पोखरेलले सुन्दरपुर डाँडामा रहेको संस्थाको एक लाख लिटर क्षमताको ओभरहेड ट्याङ्कीको उद्घाटनसमेत गर्नुभएको थियो। कार्यक्रमका गैँडाकोट नगरपालिकाका उपप्रमुख विष्णुकुमारी कँडेलले सुरक्षित खानेपानीको सन्दर्भमा उत्कृष्ट काम गरेको जलुकेले सरसफाइका क्षेत्रमा समेत थप कार्यक्रम गर्न सुझाव दिनुभयो।

साधारणसभामा आर्थिक प्रतिवेदन प्रस्तुत गर्दै संस्थाका कोषाध्यक्ष पार्वती शर्मा लम्सालले आर्थिक वर्ष २०७७/७८ मा संस्थाले रु ५५ लाख ८४ हजार १६६ बचत गर्न सफल भएको बताउनुभयो। चालु आव २०७८/७९ मा संस्थाले रु दुई करोड २० लाख ११ हजार आम्दानी गर्ने लक्ष्य राखेको उहाँले जानकारी दिनुभयो।

# तनहुँमा ११ हजार नयाँ मतदाता थपिए

पोखरापत्र संवाददाता
दमौली, १८ पुस

तनहुँ जिल्लामा ११ हजारभन्दा बढी नयाँ मतदाता थपिएका छन्। जिल्ला निर्वाचन कार्यालय तनहुँले दुईचरणमा स्थानीय तहमा सञ्चालन गरेको अभियानअन्तर्गत ११ हजार ६२० नयाँ मतदाता थपिएका हुन्।

कार्यालयले नौ वटै स्थानीय तहबाट गत मङ्सिर १७ देखि पुस ९ गतेसम्म मतदाता नामावली अभियान सञ्चालन गरेको थियो। त्यसबाहेक जिल्ला निर्वाचन कार्यालय र जिल्ला प्रशासन कार्यालयबाट पनि मतदाता नामावली सङ्कलन भइरहेको छ।

पहिलो चरणमा भीमाद नगरपालिका, घिरिङ गाउँपालिका, म्याग्दे गाउँपालिका, बन्दिपुर गाउँपालिका र देवघाट गाउँपालिका तथा दोस्रो चरणमा शुक्लागण्डकी नगरपालिका, ऋषिङ गाउँपालिका, आँबुखैरेनी गाउँपालिकारभानुनगरपालिकामा मतदाता नामावली सङ्कलन गरिएको छ। निर्वाचन कार्यालयका प्रमुख हरिप्रसाद ढकालले भानु नगरपालिकाबाट सबैभन्दा बढी मतदाता थपिएको जानकारी दिनुभयो। उहाँका अनुसार भानु नगरपालिकाबाट दुई हजार २६५, शुक्लागण्डकी नगरपालिकाबाट एक हजार ५३०, भीमाद नगरपालिकाबाट एक हजार १७, आँबुखैरेनी गाउँपालिकाबाट एक हजार तीन, बन्दिपुर गाउँपालिकाबाट ९२५, देवघाट गाउँपालिकाबाट ७१२, घिरिङ गाउँपालिकाबाट ७२९, म्याग्दे गाउँपालिकाबाट ५३५, ऋषिङ गाउँपालिकाबाट ८६८ मतदाता थपिएका छन्। थपिएकामध्ये महिलाको सङ्ख्या बढी रहेको छ। यसैगरी जिल्ला निर्वाचन कार्यालयबाट ९५५ र जिल्ला प्रशासन कार्यालयबाट एक हजार ८१ मतदाता थपिएका छन्। यसैगरी बाहिरी जिल्लाका ६५ जनाले पनि जिल्ला प्रशासन कार्यालयबाट नामावली दर्ता गराएका छन्। “दर्ता भएका विवरण रुजु गर्ने काम भइरहेको छ, नाम दोहोरिएको भए हट्छ,” प्रमुख ढकालले भन्नुभयो, “परिचयपत्र हराएकाले पनि पुनःनाम दर्ता गराएको हुनसक्छ।”

मतदाता नामावली सङ्कलनका लागि नौ दर्तास्थल व्यवस्थापक, पाँच दर्ता कर्मचारी, नौ सहायक दर्ता कर्मचारी र नौ जना दर्तास्थल सहायक गरी कूल ३२ कर्मचारी परिचालन गरिएको थियो। सङ्कलन गरिएको विवरण यही पुस १०देखि २६ गतेसम्म रुजु गरी २९ गतेसम्म निर्वाचन आयोगमा पठाइनेछ।

स्थानीय तह निर्वाचन २०७४ मा जिल्लामा एक लाख ९४ हजार ४७१ मतदाता रहेकामा प्रतिनिधि/प्रदेशसभा निर्वाचनमा दुई लाख ११ हजार ४४६ मतदाता रहेका थिए। विसं २०७७ चैतसम्म १८ वर्ष पुगेका मतदाता दुई लाख २७ हजार ४६ पुगेको कार्यालयले जनाएको छ। चालु आर्थिक वर्षको साउनदेखि कात्तिकसम्म दुई हजार आठ सय १७ मतदाता थपिएका छन्।

# कर्मचारी युनियन नेतृत्वमा रामचन्द्रको उम्मेदवारी

पोखरापत्र संवाददाता
पोखरा, १८ पुस



नेपाल निजामती कर्मचारी युनियन कास्की अध्यक्षमा रामचन्द्र पौडेलले उम्मेदवारी घोषणा गरेका छन्। अघिल्लो पटक अध्यक्षमै पराजित पौडेलले फेरि मतदाताको आग्रहमा आफूले उम्मेदवारी दिने घोषणा गरेको बताए।

यही पुस २३ मा युनियनको आठौं जिल्ला अधिवेशन हुँदै छ। सातौं जिल्ला अध्यक्षमा पराजय भोगेका उनी केन्द्रीय सदस्य मनोनीत भएका थिए। कर्मचारी युनियनभित्रको सुस्तता चलायमान गराउँदै संस्थालाई चुस्त दुरस्त राख्ने उनले बताए। सरकारी कर्मचारीको समस्या समाधान गर्नतर्फ आफू लागिपर्ने उनको प्रतिबद्धता छ।

‘अहिलेसम्म कुनै पनि युनियनकर्मी जिल्ला समितिले कर्मचारीको समस्या सम्बोधन गरेको भेटिंदैन’ उनले भने, ‘मैले टिममा विश्वास गर्छु, त्यसैले संस्थातर्फबाट साथीहरुको समस्या सम्बोधन गर्ने प्रयास गर्नेछु।’ रुपान्तरण र पुस्तान्तरणसँगै युवा र सिर्जनशील नेतृत्वका लागि आफू अघि सरेको उनले बताए। ‘अन्य संघसंस्थाको दबदबा भएको परिवेशमा ती संगठनसँग स्वच्छ र पारदर्शी ढंगबाट बहस गर्दै संस्थालाई बलियो बनाउने मेरो एजेन्डा हो,’ उनले भने। २०४८ सालमा कांग्रेसको क्रियाशील सदस्यता लिएका पौडेल पर्वतको माझफाट गाउँ इकाइ सचिव भएर काम गरिसकेका थिए। २०५२ सालमा नेवि संघ क्षेत्रीय सभापति भएका उनी २०५५ सालदेखि सरकारी सेवामा लागेका हुन्। म्याग्दीमा शिक्षा कार्यालयमा कार्यरत हुँदा नै २०५८ उनी कर्मचारी युनियनको साधारण सदस्य बनेका उनले माओवादी द्वन्द्वकालमा पनि भूमिगत शैलीमा तत्कालीन कास्की जिल्ला अध्यक्ष सूर्य बरालसँग सहयोगी भएर काम गरेका थिए। पौडेल २०६४ सालमा काठमाडौं जिल्लाबाट महाधिवेशन प्रतिनिधि निर्वाचित भएका थिए। पछि अर्को महाधिवेशनमा पर्वतबाट महाधिवेशन प्रतिनिधि चुनिएर चितवनको महाधिवेशनमा सहभागी बने। उनी २०६७ सालदेखि कास्की जिल्ला समितिमा आवद्ध छन्।

## गण्डकी...

क्रमणीय निर्वाचन प्रणालीको आधारमा निर्वाचित भए भने मन्त्रिपरिषद्को सिफारिसमा एक महिलासहित तीन जना राष्ट्रपतिबाट मनोनित भएका थिए। राष्ट्रियसभामा कूल ५९ सदस्य रहने व्यवस्था छ।

निर्वाचित सदस्यको पदावधि छ वर्षको हुन्छ र एक तिहाइ सदस्यको पदावधि प्रत्येक दुई वर्षमा समाप्त हुन्छ। पहिलो पटक सदस्यको पदावधि कायम गर्दा गोला प्रथाद्वारा एक तिहाइको दुई वर्ष, अर्को एक तिहाइको चार वर्ष र बाँकी एक तिहाइको छ वर्षको हुने गरी पदावधि कायम गरिएको छ। पहिलो दुई वर्षमा पदावधि समाप्त भएका १९ जना सदस्यको विसं २०७६ माघ ९ गते राष्ट्रियसभाको निर्वाचन भएको थियो। चार वर्षमा पदावधि समाप्त हुने २० सदस्यका लागि माघ १२ गते सातै प्रदेशमा निर्वाचन हुँदैछ।

# आर्वा विजय मा.वि.को ३८ वार्षिकोत्सव एवं अभिभावक दिवस सम्पन्न

हुमा परियार/ सुस्मिता श्रेष्ठ
पोखरा, १८ पुस



पोखरा महानगरपालिका १३ ढाँडबेसीमा रहेको आर्वा विजय मा.विको ३८ वार्षिकोत्सव एव अभिभावक दिवस विविध कार्यक्रम गरीमनाइएको छ।

विद्यालय व्यवस्थापन समितिका अध्यक्ष हरि बहादुर बरालको सभापतित्वमा भएको उक्त कार्यक्रममा वोल्दै प्रमुख अतिथि विद्यालयव्यवस्थापन समितिका पुर्व अध्यक्ष एंव नेकपा समाजवादीका नेता श्रीनाथ बरालले भौतिक संरचनाले भरि पुर्ण यस विद्यालय निकटभविस्यमा विद्यार्थीहरु भरिभराउ भएको देख्न पाइने बताउदै आजको युगमा प्राविधिक शिक्षामा बढी जोड दिनुपर्ने बताउनुभयो।विद्यालयका प्रधानाध्यापक शिवराज पौडेलले प्र अ को प्रतिबेदन प्रस्तुत गर्दै विद्यालयक विविध भौतिक एवं शैक्षिक गतिविधि प्रस्तुतगर्नु भएको थियो। कार्यक्रमको सन्चालन शिक्षक मन्जुकुमारी रिजालले गर्नुभएको थियो भने स्वागत मन्तव्य सहायक प्र अ पदमादेबीबराल र विद्यार्थी रोशन कुमार ठाकुरले गर्नु भएको थियो। सो कार्यक्रममा विभिन्न बिधामा उत्कृष्ट हुने विद्यार्थीहारुलाइ पुरस्कार वितरणगर्नुका साथै सुर्यनाथ स्मृति अक्षयकोष लगएत विभिन्न अक्षयकोषको छात्रवृत्तिहारु वितरण गरिएको थियो। पुर्व सहायक प्र अ बालकृष्ण बि कले रु ११११११ (एघार हजार एक सय एघार )को अक्षयकोष स्थापना गर्नु भएको थियो भने सो अवसरमा विद्यार्थीहरुबाटकविता बाचन सगै विभिद सांस्कृतिक कार्यक्रमहारु प्रस्तुत गरेका थिए भने पोखरा महानगरपालिका शिक्षामहाशाखाका अधिकृत बद्रीनाथ सुवेदी विद्यालयका पुर्ब सहायक प्र अ बालकृष्ण बि क,रतनपाण्डे मा विका प्र अ डिल्लीराम बाराल बि ब्य स अध्यक्ष बसन्तराजबराल, सुर्यनाथ स्मृति अक्षयकोष का सस्थापक धर्मराज बराल,जग्गादाताको तर्फबाट इन्द्र बराल , सामाजिक परिक्षा समिति सदस्यबिष्णु प्रसाद अधिकारी लगाएतले शुभकामना दिनु भएको थियो भने छिमेकी विद्यालय का प्र अहरु,वडा सदस्यहरू ,आमा समूह ,टोलबिकास सस्था,शिक्षा प्रेमी बुद्धिजीवी ,जग्गादाता,अक्षयकोष दाता,अभिभावकलगाएत्कोउपस्थिति रहेको कार्यक्रममा आर्थिकप्रतिबेदन चन्द्र उदय बरालले प्रस्तुत गर्नुभएको थियो। सोही अभिभावक भेलाबाट स्थानीय शिक्षा नियमावली २०७४ संशोधनसहित२०७५ को परिच्छेद ५नियम २९ क बमोजिम बार्षिकोत्सव समारोह सामापन सगै नयाँ वि ब्य स मा सदस्यहरु सर्वसम्मत चयनगरिएको छ।

# रेबानलाई खसी, ट्याक्सीलाई बोका

हुमा परियार/ सुस्मिता श्रेष्ठ
पोखरा, १८ पुस



रेबान पोखराले खसी पुरस्कार जित्दा पोखरेली ट्याक्सि सेवा प्रालीले बोकामा चित्त बुझाएको छ।

रेबान पोखराले आयोजना गरेको २३ औं पोखरा सडक महोत्सव अन्तर्गत अन्तर पर्यटन संघ सङ्स्था भलिवल प्रतियोगितामा प्रथम हुँदै आयोजक रेबानले खसी जितेको हो।

प्रतियोगितामा दोश्रो स्थान हासिल गरेको ट्याक्सिले बोका उठायो। सनिबार भएको फाइनलमा रेबानले २५-१६ र २५-२१ को सोझो सेटमा जित हासिल गरेको हो। रेबानको टोलिबाट रेबान पुर्वाध्य गोपि भट्टराई, बलराम पहारी, सुर्य भुजेल, तथा कार्यसमितिका भिस्मराज पौडेल, बैभव पौडेल, बिष्णु बानिया, लोक गुरुङ मैदान उत्रिएका थिए। टिम कोचमा निवर्तमान अध्यक्ष भिमसेन भुजेल रहनुभएको थियो।

प्रतियोगिताका बिजेता उप-बिजेता टोलिलाई पोखरा महानगर वडा ६ का वडाध्यले पुरस्कार वितरण गर्नुभयो। प्रतियोगितामा विभिन्न ११ टिमको सहभागिता रहेको थियो।(विद्यार्थी पत्रकार)

## सन् २०२१...

वर्षको तुलनामा पर्यटक सङ्ख्या कम देखिनुमा उक्त वर्ष कोभिड-१९ पूर्व नै जनवरी र फेब्रुअरीमा उल्लेख्य सङ्ख्यामा बाह्य पर्यटक आएका थिए। सन् २०२० मा दुई लाख ३० हजार बाह्य पर्यटकले नेपाल भ्रमण गरेका थिए। सन् २०१९ मा भने नेपाल भित्रिने बाह्य पर्यटकको सङ्ख्या ११ लाख ९७ हजार १९१ थियो। जुन १२.५ प्रतिशतले बढी हो।

नेपाल भित्रिएका पर्यटकमध्ये सबैभन्दा बढी भारतीय छन्। वर्षभरीमा ६४ हजार ६७३ भारतीय नागरिकले नेपाल भ्रमण गरेका थिए। भारतपछि अमेरिकाबाट २२ हजार ८५३ पर्यटक नेपाल आएका थिए। संयुक्त अधिराज्य (बेलायत) बाट आठ हजार ६८० पर्यटक आएका थिए। छिमेक मुलुक चीनबाट ६ हजार १९६ तथा बङ्गलादेशबाट पाँच हजार ४४ पर्यटक नेपाल भ्रमणमा आएको बोर्डको विवरणमा उल्लेख छ।


**बाथरोग, प्यारालाइसिस भएका, ढाड दुखेका तथा ढाडमा नशा च्यापिएका विरामीहरूलाई खुशीको खबर**

**परीक्षण गरिने रोगहरू:**

**बाथ रोग:** घुढा दुख्ने, पुरा शरीर दुख्ने जोर्नीहरु दुख्ने, सुनिने, खिइने, बढि औषधी खाँदा समेत निको नभएका विरामी पुराना तथा नयाँ बाथका विरामीहरु, युरिक एसिड, भएका हात खुट्टाका जोर्नीहरु दुख्ने, पोल्ने झमझमाउने, कुरकुच्चा दुख्ने, बाथ तथा नशाका दुखाइका विरामीहरुले सम्पर्क राख्नुहोला।

**प्यारालाइसिस:** शरीरको एकहर नचल्ने, बोल्न बस्न उठन खाना खान गाह्रो हुने, मुख बाङ्गो भएका विरामीहरु।

**ढाड दुख्ने:** ढाडमा नशा च्यापिएको, एकातिरको खुटटा दुख्ने, पोल्ने,झमझमाउने, करकरखाने, ढाड बस्दा उठदा, काम गर्दा दुख्ने।

**विरामी परिक्षण विहान ९ बजेबाट साझ ५ बजेसम्म**

*फोनबाट पनि नाम दर्ता गराउन सकिने छ।*

**सम्पर्क:**

**स्पार्क वि एण्ड डि हस्पिटल प्रा. लि.**

पोखरा ८ न्यूरोड, सभागृहचोक

फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०, ९८६६४१५३८०

मिडटाउन सुपर मार्केटको पछाडि पवित्रमार्ग स्टेट न. १ पवित्रमार्ग मेघा हेल्थ केयरको आडमा।



**के तपाईमा यौनसम्बन्धी समस्या छ**

**पुरुषमा देखिने:**
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङ्ग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङ्गको आकार सानो हुने आदि।

**महिलाहरुमा देखिने:**
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि।

**सुन्दरता:** अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु।

**मलद्वार सम्वन्धी रोग:** छारसुत्रद्धार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्धारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्धार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरुषमा हुने (बाझोपन) निःसन्तानपनको सफल उपचार

**जाँच्ने समय:** प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :

**माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.**

नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)

फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८४६०४११३१


नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।



**कपालको उपचार**

**कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने**

**के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?**



- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।

**सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.**

पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै

फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com,Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सूक्तिसुधा**

ऋण लिने दिने मान्छे नै सबैभन्दा दुःखी हुन्छ ।
– थोमस फुलर

## सम्पादकीय

# सघाउनेलाई देउवाले हाताहाती सहयोग

नेपाली कांग्रेस सभापति शेरबहादुर देउवाले १० जना नेताहरूलाई केन्द्रीय सदस्यमा मनोनित गरेका छन् । मनोनीत भएका १० जना नेता महाधिवेशनमा प्रतिस्पर्धा नगरेका र पराजित भएका छन्। देउवाले सभापतिमा दोस्रो कार्यकालकालागि पदभार ग्रहण गरेको एक सातापछि महाधिवेशनमा प्रतिस्पर्धा नगरेका र प्रतिस्पर्धामा उत्रिएर हारेका पाँच-पाँच जना नेताहरूलाई केन्द्रीय सदस्यमा मनोनीत गरेका छन । सभापति देउवाले रामचन्द्र पौडेल, कृष्णप्रसाद सिटौला, प्रकाशमान सिंह, विमलेन्द्र निधि, विजयकुमार गच्छदार, सुजाता कोइराला, प्रकाशशरण महत, नारायण खड्का, उमा रेग्मी र मीन विश्वकर्मालाई केन्द्रीय सदस्यमा मनोनीत गरेका छन् ।

कांग्रेस विधानको दफा २१ (१०) अनुसार कम्तिमा दश वर्ष निरन्तर नेपाली कांग्रेसको क्रियाशील सदस्य भएका केन्द्रीय महाधिवेशन प्रतिनिधिमध्येबाट केन्द्रीय सभापतिले कार्यसमितिमा मनोनीत गर्न पाउँछन् । केन्द्रीय समितिमा एक तिहाई सदस्य महिला हुनुपर्ने व्यवस्था, समावेशी सिद्धान्त र अपाङ्गता भएका वा अल्पसंख्यक वा पिछडिएको क्षेत्रको प्रतिनिधित्व समेतलाई ध्यानमा राखी तेत्तीस जना सदस्य मनोनीत गर्ने व्यवस्था छ। १६८ सदस्यीय केन्द्रीय समितिमा १३४ जना निर्वाचित हुने व्यवस्था छ। ३३ जना मनोनीत गर्न पाउने सभापतिलाई अधिकार विधानले दिएको छ । सभापति देउवाले त्यही व्यवस्थाबमोजिम पहिलो चरणमा १० केन्द्रीय सदस्य मनोनीत गरेका छन ।

महाधिवेशनमा निर्वाचनमा सहभागी नभएका नेता रामचन्द्र पौडेल मनोनीत भएका छन । मनोनित भएकामध्ये सिटौला, खड्का, रेग्मी र विश्वकर्माले देउवालाई सघाउदै आएका हुन । १४ औं महाधिवेशनमा प्रतिस्पर्धामै थिएनन् । सिंह, निधि, गच्छदार, कोइराला र महत भने महाधिवेशनमा पराजित भएका नेता हुन् । महाधिवेशनमा पराजित भएपनि नेताहरूले केन्द्रीय समितिमा पुनः भूमिका पाएका छन् । सभापतिमै प्रतिस्पर्धा गरेका सिंह र निधिले दोस्रो चरणको निर्वाचनमा देउवालाई सघाएका थिए, त्यहीकारण उनीहरूलाई देउवाले मनोनीत गरेका छन् । तर, सभापतिमै प्रतिस्पर्धा गरेर दोस्रो चरणमा देउवालाई सघाएका कल्याण गुरुङ भने यसपटक छुटेका छन् ।

देउवाले पार्टीको आन्तरिक संघर्षमा फरक-फरक समूहकै नेतृत्व गर्ने पौडेल, सिंह, सिटौला र निधिलाई केन्द्रीय सदस्य मनोनित गर्दा पौडेल, सिटौला र निधि एक्लै परेका छन् । सिंहले आफ्नो समूहकी उपसभापति उम्मेदवार कोइरालालाई पनि मनोनयन गरेकाछन् । त्यसो त उपसभापति पदका उम्मेदवार गच्छदार र कोइरालालाई मनोनीत गर्दा देउवाले त्यही पदका उम्मेदवारहरू चन्द्र भण्डारी, महेश आचार्य र दिव्येश्वरी शाहलाई पनि मनोनयन गरेका छैनन् । त्यस्तै, शेखर कोइराला समूहका महामन्त्री उम्मेदवार मिनेन्द्र रिजाल र निधि समूहका महामन्त्री उम्मेदवार राजाराम कार्कीलाई पनि मनोनयत गरेका छैनन् । सहमहामन्त्री उम्मेदवारहरू मानबहादुर विश्वकर्मा, कर्णाली प्रदेशका मुख्यमन्त्री जीवनबहादुर शाही, रामकृष्ण यादव र कमला पन्त पनि यसपटक समेटिएनन् ।

महाधिवेशनबाट केन्द्रीय समितिमा दुई तिहाई भन्दा धेरै शक्ति आर्जन गरेका देउवाले मनोनीतमा पनि आफू पक्षकै धेरै जना नेताहरूलाई मनोनीत गरेका छन् । अहिले मनोनीत भएका १० मध्ये छ जना देउवा पक्षकै नेताहरू हुन् । केन्द्रीय सदस्य मनोनयनमा समावेशी व्यवस्था समेतलाई ध्यानमा राखिएको छ । समावेशिताका आधारमा हेर्दा मनोनीत १० मध्ये खसआर्य ५, महिला २, मधेसी, आदिबासी जनजाति, दलित र थारु १-१ जना छन् । १६८ सदस्यीय केन्द्रीय कार्यसमितिको ३३ प्रतिशत पुऱ्याउन कांग्रेसले केन्द्रीय समितिमा ५६ जना महिला ल्याउनुपर्छ । तर, महाधिवेशनबाट सहमहामन्त्री १, केन्द्रीय सदस्यतर्फ सात प्रदेशबाट ७, खुला ९, आदिवासी जनजाति ७, खसआर्य ६, दलित ४, मधेशी ४, थारु २, मुस्लिम १ गरी ४१ जनामात्रै महिला निर्वाचित भएका छन् ।

त्यसआधारमा अब केन्द्रीय समितिमा महिलाको संख्या ३३ प्रतिशत मात्रै पुऱ्याउनका लागि पनि मनोनित गर्ने ३३ मध्ये १५ जना महिलालाई मनोनित गर्नुपर्ने हुन्छ । देउवाले यसपटक २ जनालाई मात्रै मनोनीत गरेका छन् । त्यसआधारमा अब मनोनीत गर्नुपर्ने बाँकी २३ मध्ये १३ जना महिलालाई मनोनीत गर्नुपर्ने हुन्छ । देउवाले आफ्ना र आफुलाई सघाउनेलाई मनोनीत गरेर असहमत पक्षलाई ठाउँ दिन नचाहेको देखाएको छ ।

# तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | सत्कार मिल्नेछ | तुला | मन चञ्चल |
| वृष | सहयोग मिल्नेछ | वृश्चिक | शारीरिक झमेला |
| मिथुन | कार्यमा सफलता | धनु | शत्रुको भय |
| कर्कट | आर्थिक समस्या | मकर | व्यापारमा लाभ |
| सिंह | झमेला बढ्ने | कुम्भ | मानसिक तनाव |
| कन्या | सम्मान मिल्नेछ | मीन | अप्रत्यसित लाभ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा, आखत, माटो हेर्नका लागि सम्भन्हुोस् ।

# समृद्ध बनाउन समाजवाद लक्ष्यका साथ अघि बढेका छौं : पूर्वप्रधानमन्त्री नेपाल

पोखरापत्र संवाददाता
लमजुङ, १७ पुस

पूर्वप्रधानमन्त्री तथा नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी)का अध्यक्ष माधवकुमार नेपालले मुलुक समृद्ध बनाउनका लागि आफ्नो पार्टी समाजवाद लक्ष्यका साथ अघि बढिरहेको बताउनुभएको छ ।

शनिबार लमजुङ बेँसीशहर नगरपालिका-८ मा नेकपा (एकीकृत समाजवादी) जिल्ला कमिटी लमजुङद्वारा आयोजित जिल्लास्तरीय अगुवा कार्यकर्ता भेलालाई सम्बोधन गर्नुहुँदै उहाँले असल भावनासहित समृद्धिको यात्रामा अघि विश्वास दिलाउनुभयो । उहाँले जनताको जीवन खुशी र सुखी बनाउने लक्ष्यका चाँडै पूरा हुने दाबी गर्नुभयो ।

उहाँले भन्नुभयो, "आधुनिक सीप, क्षमता प्रविधिका साथमा सिर्जनात्मक काम गर्ने र अरुले गर्न नसकेको काम गर्नेछु ।" त्यस्तै उहाँले जनता र देशको सेवा लाग्ने आफ्नो पार्टी भएकाले जनता र देशको सेवामा नलाग्नेलाई आफ्नो पार्टीमा ठाउँ नरहेको बताउनुभयो । अध्यक्ष नेपालले



आफ्नो पार्टीको सिद्धान्त नै लोकतान्त्रिक मूल्य मान्यतालाई सम्मान गर्ने रहेको बताउनुभयो । एकीकृत समाजवादीले यतिबेला सङ्गठन विस्तारमा जोड दिँदै अघि बढ्ने क्रममा हालसम्म ७६ जिल्लामा र ५०० पालिकामा र छ हजार ७०० वडामा सङ्गठन निर्माण गरिसकेको उहाँको भनाइ छ । सङ्गठन विस्तारमा लागेकाले विचार प्रष्ट पारेर अघि बढ्न कार्यकर्तालाई उहाँले आग्रह गर्नुभयो । सबैको सुरक्षा गर्ने एकीकृत समाजवादी पार्टीले गाँस, बास, कपास, शिक्षा, स्वास्थ्य, रोजगारी र सुरक्षालाई प्राथमिकतामा राखेर अघि बढेको नेता नेपालले बताउनुभयो । त्यस्तै नेता नेपालले आगामी चुनावसम्मै गठबन्धन सरकार अघि बढ्ने बताउनुभयो ।

नेकपा (एकीकृत समाजवादी)का केन्द्रीय सदस्य तथा श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री कृष्णकुमार 'किसान' श्रेष्ठले वैदेशिक रोजगारमा जाने युवाका लागि सहज वातावरण र व्यवस्थित बनाउने बताउनुभयो । उहाँले रोजगारीको सिलसिलादेखि श्रम रोजगार तथा सामाजिक मन्त्रालयले लमजुङ जिल्लालाई पहिलो प्राथमिकतामा राख्नेसमेत बताउनुभयो । मन्त्री श्रेष्ठले आफ्नो पार्टी विस्तारै सङ्गठन विस्तार गर्दै अघि बढेकाले आगामी दिनमा देशकै सबैभन्दा ठूलो पार्टी बन्ने बताउनुभयो ।

# २२६ खानेपानी आयोजनाको निर्माण कार्य सुरु

पोखरापत्र संवाददाता
दमौली, १७ पुस

खानेपानी तथा सरसफाइ डिभिजन कार्यालयले तनहुँ र नवलपुर जिल्लामा खानेपानी आयोजनाको निर्माण कार्य अघि बढाएको छ ।

'एक घर एक धारा' अभियानअन्तर्गत तनहुँमा १५१ र नवलपुरमा ७५ खानेपानी आयोजना निर्माण कार्यलाई तीव्रता दिएको हो । नागरिकलाई स्वच्छ, सफा खानेपानी उपलब्ध गराउने उद्देश्यले नेपाल सरकारले खानेपानीलाई प्राथमिकतामा राखेर काम गर्दै आएको सो कार्यालयले जनाएको छ । तनहुँको खानेपानी आयोजनाको लागि रु २७ करोड १६ लाख र नवलपुरको लागि रु २६ करोड १५ लाख रहेको खानेपानी तथा डिभिजन कार्यालय तनहुँका सूचना अधिकारी इञ्जिनियर वामदेव पौडेलले जानकारी दिनुभयो । उक्त आयोजनामध्ये १८ वटा नयाँ आयोजनाको सर्भे कार्य भइरहेको छ । उहाँले भन्नुभयो, "अधिकांश खानेपानी आयोजना लिफ्टिङ प्रणालीका छन् ।" आयोजना साना र ठूला रहेकाले कुनै एक वर्षदेखि पाँच वर्ष अवधिसम्म सम्पन्न गर्ने किसिमका छन् । तनहुँमा प्रादेशिक खानेपानी आयोजना ८६, सङ्घीय सरकारबाट सशर्त अनुदानबाट आएका २३, प्रादेशिक आधारभूत १६, अन्य १८ र विशेष अनुदानका आठ छन् । सङ्घीय सरकारबाट र चार करोड ३३ लाख विनियोजित भएको छ भने अन्य सबै गण्डकी प्रदेशको बजेट रहेको सूचना अधिकारी पौडेलले जानकारी दिनुभयो ।

# विकास निर्माणमा दिनरात नभनी लागेको छु : श्रममन्त्री श्रेष्ठ

पोखरापत्र संवाददाता
दमौली, १७ पुस

श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री कृष्णकुमार श्रेष्ठले तनहुँको विकास निर्माणमा आफू दिनरात नभनी लागेको बताउनुभएको छ ।

तनहुँको भानु नगरपालिका-३ चाम्बासमा शनिबार आयोजित कार्यक्रममा मन्त्री श्रेष्ठले सबै क्षेत्रको विकासका आफू लागि परेको बताउनुभयो ।

"विकास निर्माणमा कसैलाई पनि भेदभाव गर्दिन, सबै क्षेत्रमा समानुपातिक हिसाबले काम गर्छु", मन्त्री श्रेष्ठले भन्नुभयो, "विकास निर्माणमा राजनीति गर्ने होइन, सहकार्य गर्ने हो ।" मन्त्री श्रेष्ठले चाम्बासमा रिडरोड निर्माणका लागि यसै वर्ष बजेट विनियोजन गराउने आश्वास दिनुभयो । तनहुँ क्षेत्र नम्बर १ बाट प्रतिनिधिसभा सदस्यमा



निर्वाचित भएपछि यस क्षेत्रमा धेरै विकासका काम भएको उल्लेख गर्दै मन्त्री श्रेष्ठले आगामी दिनमा पनि विकास निर्माणमै मुख्य ध्यान रहने बताउनुभयो । "विकास निर्माणको सवालमा सबै दलबीच सहमति गरेर अगाडि बढ्नुपर्छ, यसबीचमा धेरै काम भएका छन्", मन्त्री श्रेष्ठले भन्नुभयो, "आगामी दिनमा पनि विकास निर्माणका लागि दत्तचित्त भएर लाग्नेछु ।"

# सभापति देउवाद्वारा दश केन्द्रीय सदस्य मनोनित

रासस
काठमाडौं, १७ पुस

नेपाली काङ्ग्रेसको चौधौं महाधिवेशन समाप्त भएसँगै पार्टी सभापति शेरबहादुर देउवाले केन्द्रीय कार्यसमितिमा १० जनालाई मनोनयन गर्नुभएको छ ।

नेपाली काङ्ग्रेसको विधान, २०१७ (संशोधन सहित) को धारा २१ को उपधारा (१०) बमोजिम पार्टी सभापतिले केन्द्रीय कार्यसमितिमा रामचन्द्र पौडेल, प्रकाशमान सिंह, विमलेन्द्र निधि, विजयकुमार गच्छदार, कृष्णप्रसाद सिटौला, डा. प्रकाशशरण महत, डा. नारायण खड्का, उमा रेग्मी, सुजाता कोइराला र मीनबहादुर विश्वकर्मालाई मनोनयन गर्नु भएको नेपाली काङ्ग्रेसका मुख्यसचिव कृष्णप्रसाद पौडेलले जारी गर्नुभएको जनाइएको छ ।

# २० हजार परीक्षण गर्दा ३८२ संक्रमित

रासस
काठमाडौं, १७ पुस

पछिल्लो २४ घण्टामा ३८२ जनामा कोरोना भाइरस सङ्क्रमण पुष्टि भएको छ । स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले आज सार्वजनिक गरेको बुलेटिनमा २० हजार ९५९ जनाको परीक्षण गर्दा ३८२ जनामा सङ्क्रमण पुष्टि भएको हो ।

हालसम्म चार हजार ९६९ जना सक्रिय सङ्क्रमित रहेका छन् । पछिल्लो समय थप २५२ जना कोरोना भाइरस सङ्क्रमणमुक्त भएका छन् । यससँगै सङ्क्रमण मुक्त हुनेको सङ्ख्या आठ लाख १२ हजार २१० पुगेको छ । यस्तै पछिल्लो २४ घण्टामा सङ्क्रमणबाट कसैको पनि निधन भएको छैन । पाँच सयभन्दा बढी सङ्क्रमण भएको जिल्ला काठमाडौं, ललितपुर र भक्तपुर छन् । दुई सयभन्दा बढी सङ्क्रमित भएका जिल्लामा सुनसरी, कास्की, बाँके र कैलाली रहेका छन् । यस्तै शून्य सङ्क्रमित भएका जिल्ला सोलुखुम्बु, रसुवा, मनाङ, मुस्ताङ, हुम्ला, मुगु र बाजुरा रहेका छन् । नेपालमा सङ्क्रमणदर १७ प्रतिशत रहेको छ । हाल होमआइसोलेशनमा चार हजार ७२८, संस्थागत आइसोलेशनमा२४१आइसीयूमा ८९ र भेन्टिलेटरमा २७ जनाको उपचार हुँदैछ । त्यसैगरी पछिल्लो समय ५९ हजार ११२ जनाले कोरोना भाइरसविरुद्धको खोप लगाएका छन् ।

# मनाइयो राष्ट्रिय पोशाक एवं टोपी दिवस

रासस
काठमाडौं, १७ पुस

जागरुक युवा अभियान नेपालको आयोजनामा नवौँ राष्ट्रिय पोशाक एवं टोपी दिवस मनाइएको छ । 'नेपाली टोपी : हाम्रो पहिचान' भन्ने नाराका साथ युवाले दिवस मनाएका हुन् ।

कोरोना जोखिम कायमै रहेकाले धेरै भीडभाड नगरी दिवस मनाइएको अभियानले जारी गरेको विज्ञप्तिमा उल्लेख छ । नेपाली पहिचानका रूपमा रहेको दौरा, सुरुवाल, टोपी र गुन्यु चोलीलाई युवामाझ स्थापित गर्न विसं २०७१ देखि दिवस मनाउन थालिएको हो । दिवसका अवसरमा धेरैले राष्ट्रिय पोशाक लगाएको तस्वीर सामाजिक सञ्जालमा पोष्ट गरेका छन् । सडक एवं सार्वजनिक यातायातमा राष्ट्रिय पोशाक लगाएर हिँड्नेको सङ्ख्या पनि धेरै देखिएको छ । नौ वर्ष अघिदेखि जनवरी १ तारिखका दिन राष्ट्रिय पोशाक दिवस मनाउन थालिएको थियो । दिवस मनाउन थालेपछि जनवरी १ तारिखका साथै विवाह, व्रतबन्धजस्ता सांस्कृतिक उत्सवमा पनि राष्ट्रिय पोशाक लगाउने युवाको सङ्ख्या बढ्न थालेको छ ।

नेपाली युवाले बिर्सँदै गएको राष्ट्रिय पोशाकको पुनर्जागरण हुन थालेको छ । औपचारिकरूपमा राष्ट्रिय पोशाक हटाइएपछि युवा जागरुक भएर यो अभियान सुरु गरेका हुन् । उत्साही युवा घनश्याम श्रेष्ठ, रामजी बलामी, जनार्दन पौडेल, शिव धिताल, अज्मत अलि, ज्ञानमणि नेपाल, जनक कार्की र लक्ष्मण लम्सालले सुरु गरेको यो अभियान अहिले हजारौं युवामाझ लोकप्रिय भएको छ ।

# ट्रस प्रविधिको झोलुङ्गे पुल निर्माण

पोखरापत्र संवाददाता
म्याग्दी, १७ पुस

म्याग्दीको धौलागिरि गाउँपालिका-६ मराङको अस्कारेखोलामा निर्माण भएको ट्रस प्रविधिको झोलुङ्गे पुलबाट तीन वडाका ७०० घरधुरी लाभान्वित भएका छन् । धौलागिरि गाउँपालिकाको सहयोग र उपभोक्ताको श्रमदान गरी कूल रु ३० लाख ५० हजारको लागतमा ३५ मिटर लामो पुल निर्माण भएको हो ।

टिबिएसयुको प्राविधिक र गैरसरकारी संस्था मिलन म्याग्दीको प्राविधिक सहयोगमा निर्माण भएको सो पुलबाट धौलागिरिको मल्कवाङ, मराङ, आरवाङ, हाडवाङ, औसीवाङ, भेडीखाल्टा र रघुगङ्गाको कुइनेका ७०० घरधुरी लाभान्वित भएका उपभोक्ता समितिका अध्यक्ष जित गर्बुजाले जानकारी दिनुभयो । पुलको बिहीबार धौलागिरि गाउँपालिकाका अध्यक्ष थमसरा पुन्ले शुभारम्भ गर्दै भन्नुभयो, "स्थानीयवासीलाई सुरक्षितरूपमा आवतजावत गर्न पुलले सुविधा पुगेको छ । गत वर्ष सुरु भएका सातमध्ये सबैभन्दा पहिले अस्कारे खोला पुल निर्माण सकिएको हो ।"

यसैगरी धौलागिरि-७ धारापानीमा रहेको किसानी माविलाई बिहीबार सात थान कम्प्युटर हस्तान्तरण गरिएको छ । सङ्गम म्याग्दीका अध्यक्ष दीपक पौडेल र प्रशासन तथा वित्त प्रमुख सुमी जिसीले विद्यालयका प्रअ ध्रुव भण्डारी र शिक्षक अभिभावक सङ्घका अध्यक्ष रामबहादुर खत्रीलाई ती सामग्री हस्तान्तरण गर्नुभएको हो ।

गुड नेवर्स इन्टरनेशनल नेपालको आर्थिक तथा प्राविधिक सहयोगमा धौलागिरि गाउँपालिकाको समन्वय र सङ्गम म्याग्दीको सहजीकरणमा सञ्चालित होप विद्यालय परियोजनाअन्तर्गत कम्प्युटर उपलब्ध गराइएको सङ्गमका अध्यक्ष पौडेलले बताउनुभयो । पहिराबाट क्षतिग्रस्त भवन स्थानान्तरणका लागि परियोजनाको रु ८० लाख सहयोगमा किसानी माविको धारापानीमा चारकोठे भवन निर्माणाधीन छ । प्रतिगोटा रु ६९ हजारका दरले कूल रु चार लाख ८३ हजार मूल्य बराबरको सात थान कम्प्युटर उपलब्ध गराएको उहाँले बताउनुभयो ।

# अंग्रेजी नयाँ वर्षमा बन्दीपुरमा आठ हजार पर्यटक

**पोखरापत्र संवाददाता**
**दमौली, १७ पुस**

अङ्ग्रेजी नयाँ वर्षको अवसरमा तनहुँको पर्यटकीय नगरी बन्दीपुरमा आठ हजार पर्यटक पुगेका छन् । अङ्ग्रेजी नयाँ वर्षको अवसरमा शुक्रबार र शनिबार आठ हजार पर्यटकले बन्दीपुरको भ्रमण गरेका छन् ।

नयाँ वर्षको अवसरमा बन्दीपुरमा दुई दिन खाना महोत्सव गरिएको थियो । क्षेत्रीय होटल संघ बन्दीपुरका अध्यक्ष विपीन प्रधानले नयाँ वर्षको अवसरमा बन्दीपुरमा आन्तरिक पर्यटक खचाखच भरिएको भएको जानकारी दिनुभयो । 'विदेशी पर्यटक पाँच/छ जनामात्रै देखिए, बाँकी सबै आन्तरिक पर्यटकले बन्दीपुर भरिभराउ भए', उहाँले भन्नुभयो । बन्दीपुर पर्यटन विकास समिति, क्षेत्रीय होटल सङ्घ र तनहुँ उद्योग वाणिज्य सङ्घ



बन्दीपुरको संयुक्त आयोजनामा महोत्सव सञ्चालन गरिएको थियो । महोत्सवमा बन्दीपुर बजार क्षेत्रको खुला आकाशमुनि स्थानीय खानाको परिकारको स्टल राखिएको थियो ।

विशेषगरी नेवार, गुरुङ र मगर समुदायको खानाको परिकार राखिएको थियो । महोत्सवले बन्दीपुरको पर्यटन प्रवर्द्धनमा सघाउने प्रधानको विश्वास छ । सडक खाना महोत्सव बन्दीपुरको एउटा ब्राण्ड हो । हरेक वर्ष अङ्ग्रेजी नयाँ वर्षको अवसरमा सडक खाना महोत्सव हुँदै आइरहेको छ । गत वर्ष कोरोना कहरकै बेला पनि सडक खाना महोत्सव गरिएको थियो । अङ्ग्रेजी नयाँ वर्षसँगै नेपाली नयाँ वर्ष र प्रेम दिवसका बेलामा पनि बन्दीपुरमा पर्यटक आकर्षित गर्न कार्यक्रम हुँदै आएको छ । कोरोनाको मारमा परेको बन्दीपुरको पर्यटन गत दशैँदेखि तङ्ग्रिने प्रयासमा छ । कोरोना त्रासपछि बन्दीपुरमा विस्तारै पर्यटकको आगमन बढ्न थालेको बन्दीपुर पर्यटन विकास समितिका सचिव वसन्त पौडेलले बताउनुभयो । भक्तपुरे शैलीमा बनेका इँट्टाका मौलिक घर बन्दीपुरको आकर्षण हो । निकै पुरानो र ऐतिहासिक बन्दीपुर कोलाहलमुक्त छ । यहाँको भीमसेनको मन्दिर, थानीमाई, खड्गदेवी र तीनधारे प्रसिद्ध छन् । अन्नपूर्ण, धवलागिरि, लमजुङ, मनास्लु, बौद्ध, फिस्टेल हिमालसँगै १९ हिमचुचुरा बन्दीपुरको टुँडिखेलबाट अवलोकन गर्न सकिन्छ ।

विश्वप्रसिद्ध चीनको ग्रेटवालको झल्को दिने गरी बनाइएको मुकुन्देश्वरी पर्खालले पनि आन्तरिक र बाह्य पर्यटकलाई लोभ्याउँछ । बन्दीपुर साहसिक पर्यटक लक्षित साइकल लेनसमेत बनाइएको छ । केबुलकार निर्माणको चरणमा रहेको छ । पर्यटकको बसाइ लम्ब्याउन बन्दीपुर क्षेत्रमा विभिन्न पूर्वाधार थप भइरहेको छ ।

# प्रदेश निर्माण व्यवसायी संघमा टंकराज

**पोखरापत्र संवाददाता**
**पोखरा, १७ पुस**

गण्डकी प्रदेश निर्माण व्यवसायी संघको सम्पन्न प्रारम्भिक साधारण सभा एवम् अधिवेशनले कास्कीका टंकराज बरालको अध्यक्षतामा ३१ सदस्यीय नयाँ कार्य समिति सर्वसम्मत चयन गरेको छ ।

समितिको उपाध्यक्षत्रय बाबुराम श्रेष्ठ(गोरखा), युवराज राजभण्डारी (बागलुङ) र रत्नकुमार श्रेष्ठ (तनहुँ) महासचिव कृष्णप्रसाद लम्साल( कास्की) सचिवव्दय दामोदर घिमिरे (कास्की) र प्रेम अर्याल (नवलपुर), कोषाध्यक्षमा दिपेन्द्र आचार्य(कास्की) र सहकोषाध्यक्षमा हलिममिया (स्याङजा) निर्वाचित हुनु भएको छ । त्यसैगरि सदस्यहरुमा कविता श्रेष्ठ, विश्वराज खनाल,भिम राना,सूर्यनाराण बराल, जगत बहादुर थापा, दलबहादुर राना, ऋषि गौतम, प्रकाश वानिया,दिपक थापा, रोशन के.सी, सन्तबहादुर नेपाली तथा प्रदेशका ११ जिल्लाका अध्यक्षहरु पदेन सदस्य रहने व्यवस्था रहेको छ ।

निर्माण व्यवसायी संघ नेपालका केन्द्रीय अध्यक्ष रवि सिंहले अधिवेशनको उद्घाटन गर्दै राज्यले तत्काल सार्वजनिक खरिद ऐन संशोधन गर्नु पर्ने आवश्यकता औल्याउनुभयो ।

व्यवसायिक बिचको बढ्दो अस्वस्थ प्रतिस्पर्धाको कारण निर्माणको काम समयमा सम्पन्न नहुने र अलपत्र हुने गरेको बताउँदै उहाँले कर्तव्य पुरा गरेर अधिकार खोज्न व्यवसायीलाई सचेत हुन पर्नेमा जोड दिनुभयो ।

संघका केन्द्रीय उपाध्यक्षव्दय एडि लामा, राजेन्द्र पहारी, महासचिव रोशन दाहाल र संघका मानार्थ सदस्य शिवशंकर गौतमले हक अधिकारका लागि व्यवसायिकहरु संगठित भएर अघि बढ्नु पर्नेमा जोड दिँदै तोकिएको समयसँगै गुणस्तरीय निर्माणमा जोड दिनु पर्ने आवश्यकता औल्याउनुभयो । संघका अध्यक्ष ओमप्रसाद गौचनको अध्यक्षतामा सम्पन्न कार्यक्रममा नेकपा एमाले गण्डकी प्रदेश सचिव रश्मि आचार्य, नेपाली कांग्रेसका नारायण श्रेष्ठ, गण्डकी उद्योग वाणिज्य संघका अध्यक्ष सज्जिवबहादुर कोइराला, निर्वाचन संयोजक अधिवक्ता हरि सुवेदी, इमनाथ खनाल,नवलपुर जिल्ला अध्यक्ष गौमाया खण्डलु, नेपाल लोकतान्त्रिक निर्माण व्यवसायी समितिका केन्द्रीय अध्यक्ष हुमनाथ कोइराला, नेपाल निर्माण उद्योग परिषदका अध्यक्ष खोपनिधी लोहोनी लगायतले निर्माण कार्यमा सबैको साथ र सहयोग आवश्यक रहने विश्वास व्यक्त गर्नुभयो

प्रदेश अन्तर्गत ११ जिल्लाका २५३ जना निर्माण व्यवसायिकहरुको सहभागिता रहेको सो अधिवेशनमा वार्षिक लगभग दुई खर्व रकम बराबरका बिभिन्न भौतिक निर्माणका काम गर्दै आएको संघका निवर्तमान सचिव कृष्णप्रसाद पोखरेलले जानकारी दिनुभयो । मुलुकको संघीय संरचनासँगै पश्चिमाञ्चल क्षेत्रीय निर्माण व्यवसायि संघलाई प्रदेश निर्माण व्यवसायी संघमा परिणत गरिएको उहाँको भनाई छ ।

# 'हिमनदीको क्षेत्रफल र आयतन घट्ने क्रममा'

**– पूर्णप्रसाद मिश्र**
**काठमाडौं, १७ पुस**

हिमालय क्षेत्रका हिमनदीको क्षेत्रफल र आयतन घट्ने क्रममा रहेको तथ्य जलवायु परिवर्तनसम्बन्धी अध्ययनको एक प्रतिवेदनले सार्वजनिक गरेको छ । ट्रान्सपरेन्सी इन्टरनेशनल (टिआइ) नेपालले इसिमोडलगायत संस्थाको सहयोगमा गरेको अध्ययन प्रतिवेदन शुक्रबार राजधानीमा सार्वजनिक गरिएको छ ।

नेपालको हिमाली क्षेत्रमा जमेर रहेका पानीका स्रोत र यसको तल्लो तटीय क्षेत्रमा जलवायु परिवर्तनको असर बुझ्न अध्ययन गरिएको कार्यक्रममा जानकारी गराइएको छ । हिमाली क्षेत्रको भौगोलिक अवस्था, उत्तर-दक्षिणमा छोटो दूरीमा उचाइ परिवर्तनको कारणले तापक्रम र वर्षाको भिन्नतामा उच्च परिवर्तन देखिएको प्रतिवेदनमा उल्लेख गरिएको छ । नेपालमा सन् १९७७ देखि २०१० सम्म करिब २४ प्रतिशतले हिमनदीको क्षेत्रफल घटेको यसअघिको एक अध्ययन प्रतिवेदनको निष्कर्षलाई पनि पछिल्लो अध्ययनले सार्वजनिक गरेको छ । सन् १९७० देखि २००७ सम्म नेपालको खुम्बु क्षेत्रमा पर्ने इम्जा र ल्होत्से हिमनदीको उचाइ घटेको तथ्य पनि अध्ययनले सार्वजनिक गरेको छ ।

हिमतालको तीव्र विकासले हिमताल विष्फोटबाट हुने बाढीको जोखिम बढेको छ । कोशी, गण्डकी र कर्णाली जलाधारमा सम्भावित खतरनाक ४७ वटा हिमताल पहिचान गरिएका छन् । यसमध्ये २१ वटा नेपालको उच्च हिमाली क्षेत्रमा, २५ वटा तिब्बतमा र एउटा भारतमा पर्ने अध्ययन प्रतिवेदनमा उल्लेख छ । हालसम्म नेपाल हिमशृङ्खलाबाट ३५ वटा हिमताल विष्फोटन भएको विभिन्न स्रोतमा उल्लेख गरिएको तथ्यलाई पनि अध्ययन बाहिर ल्याएको छ । अध्ययन कार्यदलका संयोजक मोहनबहादुर चन्द सन् १९६३ मा कञ्चनजङ्घा क्षेत्रमा हिमताल फुटेको तथ्य स्थलगत अध्ययनका क्रममा स्थानीय बूढापाकाबाट पुष्टि भएको बताउनुहुन्छ । यसको अभिलेख भने कतै नभएको र यो विषय सञ्चारमाध्यममा पनि नआएको उहाँले कार्यक्रममा सुनाउनुभयो । कार्यक्रममा पूर्ववातावरण सचिव भएर काम गरिसक्नुभएका कृष्ण ज्ञवालीले यस्ता विषयमा छलफल गर्ने वातावरण परिषद् प्रधानमन्त्रीको अध्यक्षतामा गठन गरिए पनि त्यसको बैठक नै कम बस्ने गरेको जानकारी गराउनुभयो । परिषद्को बोफिलो संरचना भएकाले कमै बैठक बस्ने गरेकोसमेत उहाँको अनुभव छ ।

वन तथा वातावरण मन्त्रालयका उपसचिव डा अरुणप्रकाश भट्टले पछिल्लो समय मेलम्चीमा आएको बाढी, मनाङको हिमपहिरो र सुदूरपश्चिम प्रदेशमा बेमौसममा पानी परी धानबाली नष्ट भएको घटना जलवायु परिवर्तनको प्रभाव भएको बताउनुभयो । विकसित राष्ट्रले कार्बन उत्सर्जन गर्दा आएको यो समस्या समाधानमा पनि तिनै देशले भूमिका खेल्नुपर्ने उहाँको भनाइ छ । सन् २०११ को अध्ययन अनुसार नेपालले ०.०५६ प्रतिशतमात्र कार्बन उत्सर्जन गर्छ ।

कार्यक्रममा टिआइ नेपालका अध्यक्ष पद्मिनी प्रधानाङ्ग, उपाध्यक्ष बुद्धिनारायण श्रेष्ठ, महासचिव मुकुन्दबहादुर प्रधान, त्रिभुवन विश्वविद्यालय वातावरण विज्ञान केन्द्रीय विभागका रमेशराज पन्तलगायतले जलवायु परिवर्तनका विषयमा नेपालले आफ्नै स्रोतबाट विस्तृत अध्ययन सुरु गर्नुपर्नेमा जोड दिनुभएको थियो । राजधानी काठमाडौँ उपत्यकालगायत प्रमुख सहरमा फैलिएको प्रदूषण रोकेर पनि जलवायु परिवर्तनबाट हुने समस्या रोक्न सहयोग गर्न सकिने उहाँहरूको भनाइ थियो ।

स्थानीय तहले जलवायु परिवर्तनसम्बन्धी अध्ययन जनचेतना जगाउन छुट्याउने बजेट रकमान्तर गरी विकास निर्माणमै लगाइने गरिँदा पनि समस्याका बारेमा जनतालाई जागरुक गराउन नसकिएकाले यसतर्फ ध्यान दिनुपर्नेमा उहाँहरूले जोड दिनुभएको थियो ।

# विदेशबाट फर्किएका युवा व्यावसायिक कृषिमा

**रासस**
**म्याग्दी, १७ पुस**

म्याग्दीको मङ्गला गाउँपालिका-१ तल्लो डडुवाका ३६ वर्षीय कृष्ण पौडेलले व्यावसायिक कृषिबाट स्वरोजगार बन्नुभएको छ । दश वर्ष जापानमा काम गरेर फर्किएका पौडेलले दुई वर्षअघि सुरु गरेको टिकेबी बहुउद्देश्यीय कृषि फार्मबाट मेहेनत गर्ने हो भने स्वदेशमै आम्दानी गर्न सकिने उदाहरण प्रस्तुत गर्नुभएको छ ।

सुन्तला, तरकारी र बाख्रापालन गर्नुभएका उहाँले कृषि फार्मबाट कम लगानीमा छिटो आम्दानी लिन सकिने बताउनुभयो । "चारवटा टनेलमा गोलभेँडा र तरकारी खेती गरेको छु", उहाँले भन्नुभयो, "चार सय बोट सुन्तला छन् । अहिले ५० वटाबाट रु ७० हजार बराबरको सुन्तला बिक्री भयो ।"

उन्नत बोयर, स्थानीय खरी र जमुनापारिका ४० वटा बाख्रा भएको फार्ममा माउ बाख्राको सङ्ख्या कम्तीमा ५० वटा पुऱ्याउने पौडेलको लक्ष्य छ । बाख्रा खरिद र फार्म निर्माणमा रु २० लाख लगानी भएको छ ।

पछिल्लो तीन महिनामा रु एक लाख बराबरको बाख्रा बेचेका पौडेलले थप छवटा बोयर क्रस पाठापाठी बिक्रीयोग्य भएका बताउनुभयो । फार्ममा एक जनालाई मासिक रु १५ हजार तलबसहित रोजगारी दिनुभएको छ । पौडेलसहित उहाँका बुवा तेजराज र आमा टीकाकुमारीले पनि फार्ममा काम गर्नुहुन्छ । पौडेलका छोराछोरी बेनीमा ब्यूटीपार्लर तालिम केन्द्र सञ्चालन गर्नुभएकी श्रीमतीसँगै बसेर पढ्छन् । जापानमा रहँदा गाउँ फर्किएर कृषि पेशा अँगाल्ने योजना बनाएका पौडेल केही समय स्थानीय परिवेश अनुकूल नभएपछि सदरमुकाम बेनीमै बस्नुभएको थियो । कोरोना भाइरसको पहिलो लहर फैलिएपछि गरिएको बन्दाबन्दीका क्रममा परिवारका सदस्यसहित गाउँ पुगेका पौडेलले तरकारी खेती विस्तार र बाख्रापालन गर्न सुरु गरेको बताउनुभयो । "आफैँ फार्म खोलेर अरुलाई पनि रोजगारी दिन्छु भन्ने सोचेर आएको जापानबाट आउँदा परिवेश अनुकूल नदेखेपछि बेनी बसेको थिएँ", उहाँले भन्नुभयो, "पहिलो चरणको लकडाउनमा घर आएपछि व्यावसायिक योजनालाई मूर्तरुप दिए ।" पौडेललाई गत आव २०७७/७८ मा मङ्गला गाउँपालिकाले बाख्राको खोर निर्माणका लागि रु दुई लाख अनुदान उपलब्ध गराएको थियो । भेटेरनेरी अस्पताल तथा पशु सेवाविज्ञ केन्द्रले घाँस टुक्रा पार्ने च्यापकटर खरिद गर्न रु १० हजार अनुदान दिएको थियो ।

# मनाइयो इस्वी संवत्को नयाँ वर्ष २०२२

**रासस**
**काठमाडौं, १७ पुस**

विश्वभर धुमधामसाथ मनाइने इस्वी संवत्को नयाँ वर्ष २०२२ नेपालका मुख्य सहरमा भेला भएर एकापसमा शुभकामना आदानप्रदान गरी खुशीयालीका साथ मनाइएको छ ।

ग्रेगोरियन पात्रोअनुसार आजदेखि नयाँ वर्ष इस्वी संवत् २०२२ सुरु भएको छ । यस अवसरमा शुक्रबार बेलुकीदेखि नै मानिस नयाँ वर्ष मनाउन भेला भएका थिए । इस्वी संवत्को नयाँ वर्ष भव्यरूपमा मनाइने अमेरिका एवं युरोपका देशमा कोरोनाको नयाँ स्वरुप ओमिक्रोनका कारण भीडभाड कम भएका बेला नेपालमा भने युवायुवती निस्फिक्रीसाथ उद्यान, रेष्टुरेन्ट, सभाहल, सांस्कृतिकस्थललगायत स्थानमा जम्मा भएर नयाँ वर्ष मनाइरहेका देखिन्थे ।

नेपालमा तीन जनामा कोरोनाको नयाँ स्वरुप ओमिक्रोन पुष्टि भए पनि अझै सजगता नअपनाएको भन्दै कति मानिसले भने भीड बढ्न थालेकामा चिन्ता व्यक्त गरेका छन् । पछिल्लो समय सबै क्षेत्रमा भीडभाड बढ्न थालेकाले स्वास्थ्य



सुरक्षाका मापदण्ड पालनामा सजग गराउन उनीहरुले माग गर्न थालेका छन् ।

भारतको राजधानी नयाँ दिल्लीलगायत सहरमा ओमिक्रोनको सङ्क्रमण बढ्न थालेपछि निषेधाज्ञा जारी गरिएको खबर सार्वजनिक भए पनि नेपालको सीमा क्षेत्रमा सजगता नअपनाएका कारण अप्ठ्यारो अवस्था आउनसक्ने स्वास्थ्यकर्मी डा रोशन पोखरेल बताउनुहुन्छ ।

यसैले पर्व मनाउँदा रोगबाट बच्ने उपाय अपनाउन सरकारले आग्रहसहित आवश्यक परेका बेला नियन्त्रण नै गर्नुपर्ने उहाँको भनाइ छ । जिजस क्राइस्टलाई फाँसी दिएपछि इस्वी संवत्को सुरुआत भएको भन्ने भनाइ छ । पोप ग्रेगोरीले जुलियन पात्रोअनुसारको सन्नलाई प्रतिस्थापन गर्दै अहिले प्रचलनमा आएको पात्रोलाई चलाएकाले यसलाई ग्रेगोरियन पात्रोअनुसारको नयाँ वर्ष भनिन्छ । जुलियन पात्रो शासक जुलियस सिजरले प्रचलनमा ल्याएका थिए । विवादकै कारण यो पात्रो रसियाले २०० वर्षपछि मात्र प्रचलनमा ल्याएको पूर्वप्रशासक एवं ज्योतिषाचार्य डा खिलानाथ बस्ताकोटी बताउनुहुन्छ ।

विवाद भए पनि उपनिवेशकालमा विभिन्न स्थानमा यो संवत् लादेकाले हाल यसको विश्वव्यापी प्रचार छ । यो संवत् नेपालमा प्रचलनमा नभए पनि भ्रमणमा आउने विदेशीले यसको प्रयोग गर्छन् । विश्वका मुख्य-मुख्य काम इस्वी संवत्अनुसार नै गरिन्छ ।

केही वर्ष अघिदेखि नेपालका विभिन्न स्थानमा इस्वी संवत् मनाउने गरिएको छ । विदेशी पर्यटकको भीडभाड हुने काठमाडौँको ठमेल, बौद्ध, पोखरा, सौराहा, लुम्बिनीलगायत स्थानमा 'न्यू इयर इभ' का नाममा यो संवत् मनाइन्छ । यी स्थानमा आज पनि धेरै मानिस जम्मा भएर नयाँ वर्ष मनाएका छन् ।

विभिन्न देशबाट भ्रमणका क्रममा नेपाल आएका विदेशी नागरिक पनि नयाँ वर्ष मनाउने कार्यक्रममा सरिक भएका थिए । राजधानीका ठमेल, नयाँसडक, बौद्ध, स्वयम्भूलगायत स्थानमा आज बेलुकीसम्म पनि नयाँ वर्षमा रमाउनेको भीड देखिन्छ । इस्वी संवत्को नयाँ वर्षका अवसरमा नेपालमा सार्वजनिक बिदा नदिइने भए पनि आज शनिबार परेकाले धेरैलाई सहज भएको थियो । शनिबार प्रायः मानिस प्राकृतिक एवं सांस्कृतिकस्थलमा रमाउने गर्छन् । अझ कतिले त शनिबार वनभोज पनि मनाउने गर्छन् ।

सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।

हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. -५२०६५१